रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
मौवाफाँट, म्याग्दी
२०७३

रघुगंगा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मौवाफाँट, म्याग्दी गण्डकी प्रदेश, नेपाल स्था: २०७३

पत्र संख्या:- २०७९/०८०
च.नं.:-

गण्डकी प्रदेश, नेपाल
मिति:२०७९/०७/२३

**सूचना! सूचना!! सूचना!!!**

राष्ट्रिय सिप परिक्षण समिती, सानोठिमी भक्तपुरको आयोजनामा यस गण्डकी प्रदेशमा सन्चालन हुने सिपहरु परिक्षण सम्बन्धमा मिति २०७९/७/६ गते पोखरापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना यसै पत्रसाथ संलग्न राखिएको छ । यस रघुगंगा गाउँपालिका भित्रका व्यक्तिहरु जसले स्वदेश एवम् विदेशमा रोजगारीको सिलसिलामा सिप सिकेका तर प्रमाणपत्र प्राप्त नगरेका सिप प्रमाणित गराउन चाहने व्यक्तिहरुलाई सूचनामा उल्लेख भए बमोजिम सुसुचित गरी पूर्व सिकाइ मान्यता(Recognition of Prior Learning-RPL) विधिबाट सिप परिक्षणमा सहभागि हुने व्यवस्थाका लागि जानकारी गराईन्छ ।

कृष्ण प्रसाद ढकाल
प्रमुख प्रशासकीय अधिकृत

# प्रदेश सरकार
## शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय
## गण्डकी प्रदेश, पोखरा

# नि:शुल्क सीप परिक्षणमा सहभागी हुन चाहनेहरूका लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना

प्रथम प्रकाशन मिति: २०७९/०७/०६ गते

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परिक्षण समिति (NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार नेपाल व्यवसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS–P II) को सहयोगमा पूर्व सिकाईको मान्यता (Recognition of Prior Learning–RPL) विधिबाट नि:शुल्क संचालन हुने ईकाईगत दक्षता (Unit Competency) को सीप परीक्षण (परामर्श तथा सीप परीक्षण) मा सहभागी हुन इच्छुक १६ बर्ष उमेर पुगेका तथा बैदेशिक रोजगारबाट फर्केका वा सम्बन्धित पेशाको कार्य अनुभव भएका नेपाली नागरिकहरुले आफूलाई पायक पर्ने तपसिल बमोजिमका केन्द्रमा गई मिति २०७९/०७/२७ गते कार्यालय समयभित्र आवेदन फारम पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकासित गरिएको छ ।

**तपसिल**

सीप परीक्षण (परामर्श तथा सीप परिक्षण) केन्द्रहरु, परिक्षण हुने व्यवसाय र तह

| क्र. स. | आवेदन फारम संकलन केन्द्र | ठेगाना | सम्पर्क न. | व्यवसाय/तह |
|---|---|---|---|---|
| १. | पोखरा प्राविधिक शिक्षालय, | फूलबारी, पोखरा | ०६१-५२८०४०, ९८५६०३५५२८ | फ्रन्ट अफिस असिस्टेन्ट - तह १ (अन्तर्गतका इकाईहरु) |
| २. | CTEVT गण्डकी प्रदेश कार्यालय, पोखरा, | मालेपाटन, पोखरा | ०६१-५३२२७१, ९८५६०४२२८३ | १. टायल एण्ड मार्बल फिक्सर- तह १ (अन्तर्गतका इकाईहरु)<br>२. वेल्डर- तह २ (अन्तर्गतका इकाईहरु)<br>३. कन्स्ट्रक्सन मेसन- तह २ (अन्तर्गतका इकाईहरु)<br>४. प्लम्बर- तह २ (अन्तर्गतका इकाईहरु)<br>५. बिल्डिङ्ग पेन्टर- तह २ (अन्तर्गतका इकाईहरु)<br>६. गार्मेन्ट फेब्रिकेटर- तह १ (अन्तर्गतका इकाईहरु) |

**२. आवेदकको लागि न्युनतम योग्यता**

क. तह १ को लागि: सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा १ बर्षको कार्यानुभव भएको ।

ख. तह २ को लागि: सम्बन्धित व्यवसायको ज्ञान र सीप तथा सम्बन्धित पेशामा कम्तिमा ३ बर्षको कार्यानुभव भएको वा सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उतिर्ण भई सम्बन्धित व्यवसायमा १ बर्षको कार्यानुभव भएको ।

**३. आवेदकले आवेदन फारम भर्दा पालना गर्नुपर्ने शर्तहरु**

क. आवेदनको साथ रजिस्ट्रेसन शुल्क रु. २७० सहित तोकिएको केन्द्रमा बुझाउनु पर्ने छ ।

ख. आवेदन तथा स्व:घोषणा फारमको साथमा आवेदकले निम्न कागजात बुझाउनु पर्ने छ ।

- हाल सालै खिचिएको एकै किसिमको २ प्रति पासपोर्ट साइजको फोटो
- नागरिकता प्रमाण पत्रको फोटोकपी
- अनुभवको प्रमाणपत्र (सरकारी वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजि रोजगारदाता संस्था /उद्योग/व्यवसायीले सम्बन्धित पेशा व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको सक्कल प्रमाणपत्र वा पत्र),
- बैदेशिक रोजगारबाट फर्केका आवेदकले फारम भर्दा सम्बन्धित पेशामा बिदेशमा काम गरेको अंग्रेजीमा अनुवादित प्रमाणपत्र,

ग. सम्बन्धित पेशामा स्वीकृत आवेदन फारम संख्या ५ भन्दा कम भएमा सीप परिक्षण संचालन गरिने छैन र आवेदकले बुझाएको रकम सम्बन्धित केन्द्रमा निवेदन दिई फिर्ता लिन सक्नेछन् ।

घ. परामर्शकार्यबाट छानिएका आवेदकहरु मात्र सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

ङ. सीप परीक्षणका लागि आवश्यक पर्ने कागजातहरु तथा तोकिएको समयमा दर्ता नभएका र रीत नपुगेका आवेदन फारमहरु स्वत:रद्द हुनेछन् ।

थप जानकारीको लागि राष्ट्रिय सीप परीक्षण समितिको फोन नम्बर ०१-६६३८९५३, ६६३५१९५, ०६१-५९०८७५ तथा मोबाइल नम्बर ९८५११६३९६४, ९८५७०१७५७८, ९८१७६३८६०४ । सम्बन्धित पेशा/व्यवसायको लागि आवेदन फारम तथा स्व:घोषणा फारम www.ctevt.org.np, www.nstb.org.np बाट डाउनलोड गर्न तथा सम्बन्धित केन्द्रहरुबाट प्राप्त गर्न सकिने छ ।